# नेपालको राष्ट्रिय इन्टरनेट गेटवे

## जानकारी पत्र

*नेपालको राष्ट्रिय इन्टरनेट गेटवे*

नेपालले हालसालै **राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०** स्वीकृत गरेको छ । यस नीतिले आगामी वर्षहरुमा राष्ट्रको साइबर सुरक्षासम्बन्धी कानुनी एवं संरचनागत संयन्त्रको स्थापनामा उल्लेखनीय भूमिका खेल्ने अपेक्षा गरिएको छ । तर स्वीकृत नीतिमा सार्वजनिक रुपमा उपलब्ध गराइएको उक्त नीतिको मस्यौदामा उल्लेख नभएका केही नयाँ प्रावधानहरु पनि समावेश छन् । यसरी नीतिलाई अन्तिम स्वरुप दिने प्रक्रियामा समावेश गरिएका नयाँ प्रावधानमध्ये विशेष गरी रणनीति १०.२ सँग सम्बन्धित कार्यनीति ११.२५ को प्रावधान चिन्ताजनक रहेको छ । उक्त कार्यनीति ११.२५ मा “सरकारी नेटवर्क (Government owned network– Intranet) र National Internet Gateway निर्माण गरिनेछ” भन्ने प्रावधान उल्लेख छ ।

सरकारले नीतिमा National Internet Gateway (राष्ट्रिय इन्टरनेट गेटवे) को परिभाषा वा अन्य व्यवस्थाका सम्बन्धमा थप केही उल्लेख गरेको छैन । तथापि प्रचलित अभ्यासलाई हेर्ने हो भने सम्पूर्ण इन्टरनेट ट्राफिकलाई सरकारद्वारा निर्देशित गेटवेअन्तर्गत व्यवस्थित गर्ने अभ्यासलाई राष्ट्रिय इन्टरनेट गेटवे भनेर बुझिन्छ । राष्ट्रिय इन्टरनेट गेटवेले देशभित्र प्रवेश गर्ने र देशबाट बाहिर जाने सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय इन्टरनेट ट्राफिकमाथिको नियन्त्रणलाई केन्द्रीकृत गर्दछ । यसले इन्टरनेट ट्राफिक व्यवस्थापनमा एवं नेपाली नागरिकले अनलाइनमार्फत हेर्ने सामग्रीउपरको नियन्त्रणमा सरकारलाई महत्त्वपूर्ण नियन्त्रण प्रदान गर्दछ ।



*Source: The Record*





# नेपाल र नेपालको इन्टरनेटमा राष्ट्रिय इन्टरनेट गेटवेले पार्ने नकारात्मक प्रभाव

इन्टरनेटलाई महत्तपूर्ण एवं सफल बनाउने मध्येको एक महत्तपूर्ण गुण भनेको यसमा संलग्न हुन चाहने जोकोहीले पनि कुनै केन्द्रीय निकाय वा अधिकारीको अनुमतिविना नै यसमा जोडिन पाउने सुविधा हो। इन्टरनेट सञ्जाललाई प्रविधि र दूरसञ्चार कम्पनीहरु, विश्वविद्यालय, सरकार लगायतका यसमा जोडिएका विभिन्न प्रकृतिका संस्थाहरुले निरन्तर रुपमा विस्तार गरिरहेका हुन्छन् । इन्टरनेट सञ्जालको विस्तार कुनै एक केन्द्रीकृत निकाय वा अधिकारीबाट नभई मुख्यत: प्रयोगकर्ता र बजारद्वारा निर्देशित हुन्छन् ।

इन्टरनेटका लागि यस प्रकारको खुला र पहुँचयोग्य पूर्वाधार अत्यावश्यक हुन्छ र यसको कैयन महत्त्वपूर्ण फाइदाहरु रहेको छ । यसको पहिलो फाइदा विश्वव्यापी कनेक्टिभिटी हो जसले विश्वभरका सहभागीहरुलाई एकै ठाउँमा ल्याई एक आपसमा सम्पर्कमा रहन सक्षम बनाउँछ। त्यसै गरी दोस्रो महत्तपूर्ण फाइदा इन्टरनेट सञ्जालको विस्तार हो । सञ्जालमा जोडिएका सहभागीहरुले एक आपसमा जोडिनुको महत्वलाई मनन गर्दा सञ्जालको निरन्तर विकास हुन्छ भने त्यसैको परिणाम स्वरुप सञ्जालमा जोडिएका सबैका लागि थप उपयोगिता सिर्जना हुन्छ ।

नेपालमा राष्ट्रिय इन्टरनेट गेटवे योजना कार्यान्वयन भएमा नेटवर्कहरु सरकारद्वारा निर्देशित स्थानहरुमा जोडिनुपर्नेछ र त्यसबाट विश्वव्यापी इन्टरनेटमा समावेश हुन नेटवर्क सञ्चालकहरुले थप प्राविधिक एवं वित्तीय अवरोधहरुको सामना गर्नुपर्नेछ ।

राष्ट्रिय इन्टरनेट गेटवेमा ज बाहेकका अन्य नेटवर्कहरुले प्रत्यक्ष वा स्वतन्त्र रुपमा विश्वव्यापी इन्टरनेटमा जोडिन नपाउने हुँदा त्यसले नेपालका नेटवर्कको विश्वव्यापी पहुँचमा गम्भीर प्रभाव पार्नुका साथै इन्टरनेट इकोसिस्टममै व्यवधान उत्पन्न गर्दै नेपाल र बाँकी विश्वका बिच हुने सहकार्यलाई सीमित बनाउँछ ।

खुला तथा विश्वव्यापी इन्टरनेटअन्तर्गत सामान्यत: एउटा देशमा एकभन्दा बढी इन्टरनेट प्रवेश एवं निकास विन्दुहरु रहेको र विभिन्न सेवा प्रदायक एवं स्थानहरुबाट कनेक्टिभिटी विस्तार भएको हुन्छ। यस ढाँचा अन्तर्गत कुनै पनि देशको नेटवर्कहरु राष्ट्रिय गेटवेबाट नभई प्रत्यक्ष रुपमा विश्वव्यापी नेटवर्कमा जोडिएका हुन्छन्। कुन नेटवर्कमा जोडिने भन्ने निर्णयहरु मूलत: व्यावसायिक एवं प्राविधिक पक्षहरुमा आधारित हुने गर्दछन् ।

तर, यदि नेटवर्कहरुलाई प्राविधिक एवं व्यावसायिक हिसाबले उपयुक्त नेटवर्कसँग जोडिन नदिने हो भन्ने त्यसबाट नेटवर्कको क्षमतामा उल्लेखनीय ह्रास आउनुका साथै लागत खर्च पनि बढ्न सक्छ। र यसको मूल्य अन्तत: इन्टरनेट प्रयोगकर्ताहरुले चुकाउनु पर्ने हुन्छ ।

राष्ट्रिय इन्टरनेट गेटवे अन्तर्गतका अन्य विषयवस्तु के के हुन् तथा यो कहिले कार्यान्वयन गरिनेछ भन्ने विषय स्पष्ट नभएता पनि सामान्यतया यस्ता गेटवेको सामान्य उद्देश्य र संरचनाले देशभित्रका कुनै पनि व्यक्तिको सञ्चारको गोपनीयता र समग्रताको संरक्षण गर्ने क्षमतालाई क्षीण बनाउने जोखिम सिर्जना गर्दछ। उदाहरणका लागि: यसले इन्क्रिप्शनलाई कमजोर बनाउँछ वा तोड्छ ।


तोकिएका सेवा प्रदायकहरुबाट देश भित्र आउने र बाहिर जाने सम्पूर्ण इन्टरनेट ट्राफिकलाई केन्द्रीकृत गर्ने गेटवे सञ्चालन र देशभित्र केही स्थानमा स्थानीय एक्सचेन्जको व्यवस्थाबाट एक कठोर श्रेणीबद्ध नेटवर्क संरचनाको सिर्जना हुन्छ जसको कार्यकुशलता इन्टरनेट जुन किसिमको विकेन्द्रित नेटवर्क हो त्यसभन्दा कम हुन्छ । यस्तो केन्द्रीकृत गेटवेको अवधारणाले नेटवर्कको विश्वव्यापी पहुँचमा गम्भीर असर पार्नुका साथै सहकार्यमूलक इन्टरनेट-वेर्किङ्गलाई सीमित गर्दै खुला इन्टरनेटमा नकारात्मक प्रभाव पर्दछ ।

राष्ट्रिय इन्टरनेट गेटवे सञ्चालकहरुले इन्टरनेट ट्राफिक रेकर्डहरुको रेखदेख गर्दछन् र त्यस्तो ट्राफिक रेकर्डमा व्यक्तिगत डाटाहरु समेत समावेश हुन सक्छ । डाटा गोपनीयताका लागि सीमित सुरक्षा व्यवस्था भएको हालको अवस्थामा व्यक्तिगत डाटाको सङ्कलन एवं भण्डारणले त्यस्तो डाटा कसले, कति समयसम्म प्रयोग वा प्रकाशन गर्ने भन्ने प्रयोगकर्ताको नियन्त्रण क्षमतामा ह्रास आउँछ, र यसबाट व्यक्तिहरुको अभिव्यक्तिको स्वतन्त्रतामा प्रभाव पर्ने सम्भावना रहन्छ ।

अन्तिम प्रयोगकर्ताहरुको हकमा भने उनीहरुले थप कम गुणस्तरीय सेवा पाउने हुन सक्छ किनकि व्यापक रुपमा डाटा प्रयोग हुने सफ्टवेयर, सहकार्यमा आधारित प्रणाली, अनलाइन स्ट्रिमिङ्ग, भिडियो कन्फरेन्सिङ्ग एवं उपकरणबिचको सञ्चार लगायतका सेवाहरु सुस्त वा अस्थिर हुन सक्दछ ।

सामान्यत: राष्ट्रिय इन्टरनेट गेटवेलाई उनीहरुले चाहेको सामग्रीहरुलाई थ्रोटलिङ्ग, फिल्टरिङ्ग वा ब्लकिङ्ग आदि उपायका माध्यमबाट कारबाही गर्न सकियोस् भनी इन्टरनेटका सामग्रीहरुको इन्टरसेप्शन वा छानबिनको जिम्मा दिइएको हुन्छ । यसले इन्टरनेट र अनलाइन सामग्रीको पहुँचमा सरकारी नियन्त्रणलाई केन्द्रीकृत गर्दछ, र सरकारी निगरानी एवम् सम्भावित परिणामहरूको भय स्वरुप सेल्फ-सेन्सरशिप र सेन्सरशिपको खतरा पनि सिर्जना गर्दछ ।

तर राष्ट्रिय इन्टरनेट गेटवेले नेपाली नागरिकहरुलाई मात्र असर गर्ने होइन । यसले नेपाल र बाँकी विश्व समुदायबिच हुने सूचनाको स्वतन्त्र प्रवाहलाई सङ्कुचित बनाउने जोखिम रहन्छ जसले गर्दा इन्टरनेटको खण्डीकरणलाई अझ बढाउँछ ।



उदाहरणका लागि, इन्टरनेटमा केन्द्रीकृत नियन्त्रण रहने हो भने राजनीतिक अस्थिरता वा सार्वजनिक विरोधका समयमा सरकार-नियन्त्रित गेटवेहरु इन्टरनेट बन्द गर्नका लागि प्रयोग हुने जोखिम रहन्छ । **इन्टरनेटको बन्दाबन्दी**ले समाज, अर्थतन्त्र एवं इन्टरनेटको विश्वव्यापी पूर्वाधारमा क्षति पुऱ्याउँदछ ।

खुला र विश्वव्यापी इन्टरनेटमा नेटवर्कहरु सीमा-पारका नेटवर्कहरु सँग जोडिन स्वतन्त्र हुन्छन्। यसले गर्दा नै प्रयोगकर्ताहरुले समुद्रपार देशहरुमा स्थापना भएका सेवाहरु सहज रुपमा प्रयोग गर्न सक्दछन्। तर यदि इन्टरनेट ट्राफिक सरकारद्वारा निर्देशित गेटवेबाट सञ्चालन हुने हो भन्ने नेटवर्कहरु आपसमा जोडिन कठिनाइ वा असम्भव नै पनि हुन सक्दछ, जसले प्रयोगकर्ताको अनुभवलाई प्रभावित र नेटवर्कलाई नै कमजोर पार्न सक्छ ।

नेपालमा राष्ट्रिय गेटवेको स्थापनाले इन्टरनेटलाई सबैका लागि खुला, विश्वव्यापी रुपमा जोडिएको, सुरक्षित र विश्वसनीय श्रोत बनाउने महत्तपूर्ण तत्वहरुको अवमूल्यन हुन जानेछ ।







# कम्बोडियाको उदाहरणबाट अपनाउनु पर्ने सावधानी

*नेपालको राष्ट्रिय इन्टरनेट गेटवे*

सन् २०२१ मा कम्बोडियाले सन् २०२२ फेब्रुअरीदेखि कम्बोडियाका सम्पूर्ण इन्टरनेट ट्राफिकलाई राष्ट्रिय इन्टरनेट गेटवे (NIG) मार्फत पुन:प्रवाह (reroute) हुनुपर्ने आदेश जारी गऱ्यो । हालसम्म कार्यान्वयनमा आईनसकेको यो योजना यदि कार्यान्वयन भएमा यसले कम्बोडिया र कम्बोडियाली नेटवर्कमा अन्तर सम्बन्धित नेटवर्कहरुलाई प्रभावित गर्नेछ। यसले त्यस भौगोलिक क्षेत्रअन्तर्गतको इन्टरनेट ट्राफिकलाई समेत असर पार्न सक्छ ।

उक्त आदेशले इन्टरनेट सेवा प्रदायकहरु (ISPs) ले सम्पूर्ण ट्राफिक डाटा १२ महिनासम्म सञ्चय गरी राख्नुपर्ने र कुनै निश्चित व्यक्तिको पहिचान गर्न सकिने गरी सरकारलाई गतिविधिहरु रिपोर्ट गर्नुपर्ने भनी अनिवार्य व्यवस्था गरेको छ । त्यस्ता गतिविधिअन्तर्गत वित्तीय कारोबारहरु, सरकारलाई खतरा उत्पन्न गर्ने सक्ने भनी ठानिएका निश्चित वेबसाइटहरु हेरेको गतिविधि वा स्थानसम्बन्धी डाटाहरु समेत पर्दछन् ।

कम्बोडियाली सरकारले यसबाट राष्ट्रिय सुरक्षा सुदृढ हुने र कर छलीको अन्त्य गर्न सहायक हुने दाबी लिएको छ । तर कम्बोडियाको नेटवर्क सञ्जालमा पर्ने प्रभावले त्यससँग जोडिएका जोकोहीलाई समेत असर पार्दछ । यसले गर्दा सामाजिक र आर्थिक जीवनमा गम्भीर परिणाम निम्तिन सक्नुका साथै गोपनीयता र सुरक्षालाई जोखिममा पार्दछ ।

इन्टरनेट सोसाइटीले त्यस समयमा कम्बोडियाली प्रस्तावको विश्लेषण गर्दा एक **इन्टरनेट प्रभाव सारांश** तयार गर्यो, जसमा त्यस्तो गेटवेले इन्टरनेटमा पर्ने प्रभाव अत्यधिक रुपमा नकारात्मक रहने र इन्टरनेट सोसाइटीले व्याख्या गरेको जस्तै **नेटवर्किङ्का लागि इन्टरनेटको माध्यमका महत्वूर्ण विशेषता** लाई समेत असर गर्ने देखियो । त्यस्तो योजनाले खुला र विश्वव्यापी इन्टरनेटलाई सक्षम बनाइरहेका असङ्ख्य व्यक्ति तथा संस्थाहरुलाई असर पार्नेछ भने इन्टरनेटको अथाह सम्भावनाबाट फाइदा लिनबाट मानिसहरुलाई निषेध गर्नेछ ।

# नेपालमा इन्टरनेट पूर्वाधार

*नेपालको राष्ट्रिय इन्टरनेट गेटवे*

इन्टरनेटले गर्दा विश्वमा सूचनामा सुदृढ पहुँच, स्वास्थ्य सेवा, शिक्षा, सुधारिएको सार्वजनिक सेवा एवं सुदृढ आर्थिक वृद्धि तथा उत्पादकत्वलगायतका उल्लेखनीय सामाजिक र आर्थिक लाभहरु भएका छन् । इन्टरनेटमा पहुँचले कोभिड-१९ जस्ता प्रतिकूल अवस्थाहरुमा समेत टाढा बसेर काम गर्ने सुविधा एवं ज्ञान, बजार र सेवाको पहुँचका सम्बन्धमा वैकल्पिक माध्यम उपलब्ध गराई आर्थिक एवं सामाजिक उत्थानशीलताको समेत वृद्धि गरेको छ ।

यसै कारण इन्टरनेट सबैका लागि उपलब्ध हुनु अनिवार्य हुन्छ । तर अन्तर्राष्ट्रिय दूरसञ्चार युनियन (ITU) को एउटा **प्रतिवेदन**ले देखाएअनुसार नेपालका मानिसहरुले इन्टरनेटका लागि अन्य दक्षिण एशियालीहरुभन्दा बढी महसुल तिरिरहेका छन्। सन् २०२० मा एक नेपाली नागरिकले आफ्नो कूल वार्षिक आम्दानीको २.६ प्रतिशत रकम इन्टरनेट सेवाका लागि तिर्नु परेको थियो । यसले गर्दा इन्टरनेट चलाउन सक्ने सामर्थ्य (affordability) का हिसाबले नेपाल भारत, श्रीलङ्का र पाकिस्तानभन्दा पछाडि परेको छ ।

अधिकांश राष्ट्रहरु समुद्रमुनि बिछ्याइएको तारको अन्तर-महादेशीय सञ्जालका माध्यमबाट विश्वव्यापी इन्टरनेटमा जोडिने गर्दछन् । तर नेपालजस्तो भूपरिवेष्टित राज्य अन्तर्देशीय लिङ्कमार्फत विश्वव्यापी सञ्जाल पूर्वाधारमा जोडिन तटीय राष्ट्रहरुमा निर्भर हुन्छन् ।

यसैको परिणाम स्वरुप **विश्व बैङ्कको एक प्रतिवेदन** अनुसार नेपालले चर्को शुल्क तिर्दछ, यसको ब्यान्डविथ क्षमता कम छ, र तटीय छिमेकी मुलुकहरुको तुलनामा कम गुणस्तरको सेवाको उपभोग गर्दछ ।

**प्रतिवेदनहरु**ले औंल्याएअनुसार नेपाल एक भूपरिवेष्टित राष्ट्र भएका कारण यहाँका इन्टरनेट सेवा प्रदायक एवं मोबाइल नेटवर्क सञ्चालकहरुले भारतीय र केही मात्रामा चिनियाँ कम्पनीहरुमार्फत ब्याण्डविथ आयात गर्नुपर्ने भएकाले विश्वव्यापी इन्टरनेटमा सामेल हुनेका लागि यसले अतिरिक्त शुल्क तिर्नुपर्ने बाध्यता रहिआएको छ ।

# उन्नत डिजिटल अर्थतन्त्रको निर्माण

*नेपालको राष्ट्रिय इन्टरनेट गेटवे*

नेपालमा सुदृढ इन्टरनेट कनेक्टिभिटीका लागि व्यवहारिक समाधानको आवश्यकता रहेको स्पष्ट छ र त्यसलाई हासिल गर्ने एउटा उपाय पर्याप्त एवं लागत प्रभावी वैकल्पिक अन्तर्राष्ट्रिय नेटवर्क सुनिश्चित गर्नका लागि ठोस नीति जारी गर्नु हो । प्राकृतिक विपद् तथा छिमेकी क्षेत्रहरुमा व्याप्त सामाजिक-राजनीतिक अस्थिरताको सन्दर्भमा यो अत्यावश्यक रहेको छ ।

निजी क्षेत्रको स्वामित्व तथा सञ्चालनमा रहेका स्थलीय (terrestrial) फाइबर लिङ्कमा पहुँचका साथै विकेन्द्रित अन्तर्राष्ट्रिय गेटवेहरुका लागि खुला र स्वच्छ पहुँचको व्यवस्था पनि उत्तिकै आवश्यक छ ।

सरकारले हिमाली क्षेत्रहरुलाई लक्षित गरी डिजिटल समावेशीकरणमा सहयोगी उपायहरुको अवलम्बन गर्नुपर्दछ । त्यसका लागि इन्टरनेट प्रयोगमा व्यापकता ल्याउन पूर्वाधार साझेदारीमा सहायता एवं विश्वव्यापी सेवा तथा पहुँच कोषको प्रभावकारी प्रयोग सुनिश्चित गरिनु पर्दछ ।

कृत्रिम बौद्धिकता (artificial intelligence) र मेसिन लर्निङ्गजस्ता आधुनिक प्रविधिहरुमा क्लाउड कम्प्यूटिङ्गको प्रयोग निरन्तर रुपमा वृद्धि हुँदै गइरहेको छ र यस्ता प्रविधिहरु अन्तर-देशीय डाटा प्रवाहको सहजतामा निर्भर हुन्छन् । डिजिटल व्यापारमा पार्ने व्यापक असरका कारण यस्ता अन्तर-देशीय डाटा प्रवाहको नियमन अन्तर्राष्ट्रिय व्यापार नियमनसम्बन्धी छलफलको केन्द्रमा रहन्छ । डिजिटल कारोबार र त्यसमा पनि विशेष गरी अन्तर-देशीय डिजिटल कारोबारको सबलीकरणका लागि गोपनीयता, सुरक्षा एव उपभोक्ता संरक्षण सुनिश्चित गर्ने कानुनी तथा नियामक खाका निर्माण गर्नु महत्त्पूर्ण हुन्छ ।

नेपाल सरकारले राष्ट्रिय इन्टरनेट गेटवे स्थापना तथा इन्टरनेटको विश्वव्यापी प्रकृति र खुलापनमा खतरा पैदा गर्ने अन्य नीति बनाउनुको सट्टा अन्तर्राष्ट्रिय नियमनकारी एवं व्यवस्थापकीय असल अभ्याससँग सङ्गतीपूर्ण तरिकाबाट उदीयमान प्रविधि र व्यापारको लहरलाई सम्बोधन गर्दै इन्टरनेटले ल्याएका अवसरको सदुपयोग गर्नुपर्दछ ।

उदाहरणका लागि, सरकारले यस डिजिटल युगमा राज्यको अथाह सम्भावनाहरुलाई उजागर गर्नका लागि राज्यमा रहेका नेटवर्कहरुलाई विश्वव्यापी इन्टरनेटमा सामेल हुन तथा नेटवर्क सञ्चालकहरुसँग प्रयोगकर्ताहरुलाई उच्चतम गुणस्तरको सेवा दिनका लागि सक्रिय रुपमा प्रोत्साहन गर्न सक्दछ ।

# नेपालले आफ्ना नागरिकका लागि इन्टरनेट विखण्डित गर्नु हुँदैन

इन्टरनेट मानिसको माध्यम हो । कुनै एक व्यक्ति वा निकायले नियन्त्रण नगर्ने हुनाले इन्टरनेटले उचित ढङ्गबाट काम गर्दछ । यसको प्रयोग गर्न चाहने कुनै पनि व्यक्ति यसमा जोडिन सक्छ, र बढीभन्दा बढी मानिसहरु जोडिँदै गर्दा यस सञ्जालको वृद्धि हुँदै जान्छ र हाम्रा आवश्यकताहरु समेटिने किसिमको बन्दै जान्छ । इन्टरनेटले हामीलाई भर्चुअल माध्यमबाट असीमित अवसरहरु उपलब्ध गराउँछ। नेपाल सरकारले इन्टरनेटलाई खण्डीकृत गर्ने वा टुर्क्याउने प्रकृतिका नीति तथा निर्णयहरु विरुद्द सुरक्षा प्रदान गर्नुपर्दछ । अन्यथा हामीले हामीसँग साबिकमा प्राप्त भएको भन्दा भिन्न किसिमको नचिनिने र खण्डीकृत इन्टरनेट प्राप्त गर्नेछौं जहाँ हामीले स्वतन्त्र रुपमा कुनै कुरा सिर्जना गर्न, आदानप्रदान गर्न र सहभागी हुन सक्दैनौं ।



यो जानकारी पत्र डिजिटल राईट्स नेपाल, इन्टरनेट गभर्नेन्स इन्स्टिच्यूट र इन्टरनेट सोसाईटीबीचको सहकार्यमा तयार गरिएको हो ।

# हाम्रो बारेमा

डिजिटल राइट्स नेपाल (DRN) सन् २०२० मा स्थापना भई नेपालमा डिजिटल अधिकारको अवधारणाको स्थापना, प्रवर्द्धन, प्रचार, तथा संरक्षणका लागि समर्पित अनुसन्धानमा आधारित एक अग्रणी गैरनाफामूलक संस्था हो। । संस्थामा मानव अधिकारकर्मी, प्राज्ञ, अधिवक्ता तथा अभियानकर्ताहरुको अनुभवी र प्रवुद्ध टोलीले संस्थाको इन्टरनेट स्वतन्त्रता तथा डिजिटल अधिकारको पहलमा उल्लेखनीय विज्ञता प्रदान गरेको छ । डिजिटल राइट्स नेपाल अनलाइन अभिव्यक्ति स्वतन्त्रता, अनलाइन गोपनीयता, सूचनामा पहुँच, इन्टरनेट शासन, साइबर कानून/नीतिहरू र साइबर सुरक्षाजस्ता डिजिटल अधिकारका विविध पाटोहरूमा नीति वकालत, अध्ययन अनुसन्धान, क्षमता अभिवृद्धिसम्बन्धी क्रियाकलापहरूमा केन्द्रित छ ।

इन्टरनेट सोसाइटी एक विश्वव्यापी परोपकारी संस्था हो जसले मानिसलाई इन्टरनेटलाई असल प्रयोजनका लागि खुला, भौगोलिक रुपमा जोडिएको, सुरक्षित र भरपर्दो माध्यम बनाउनका लागि सबलीकरण गर्ने गर्दछ। संस्थाले इन्टरनेटलाई मानिसको जीवनस्तर उकास्ने श्रोत र सामाजिक हितका रुपमा एक विश्वव्यापी प्राविधिक पूर्वाधारका रुपमा विकास गर्न सहायता एवं प्रवर्द्धन गर्दछ ।

इन्टरनेट गभर्नेन्स् इन्स्टिच्यूट (IGI) एसिया प्रशान्तमा खोज, क्षमता अभिवृद्धि, जनचेतना, संवाद एवं नीतिगत हस्तक्षेपका माध्यमद्वारा इन्टरनेट नियमनको विषयलाई जनस्तरसम्म सुदृढीकरण गर्नेका लागि स्थापित एक अभियान हो । इन्टरनेट गभर्नेन्स् इन्स्टिच्यूट सहकार्यमा विश्वास गर्दछ र इन्टरनेट गवर्नेन्स् सँग सम्बन्धित संस्थाहरुको सहभागितामा सञ्चालित छ ।